# अनुसूची २

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# गलकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ७ संख्या- ८ मितिः २०८१/०८/२७

## भाग २

## गलकोट नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

# गलकोट नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

## परिच्छेद १
## प्रस्तावना र परिभाषा

**१. प्रस्तावना :** कृषि, बागवानी र पशुपन्छी तथा मत्स्य पालन व्यवसाय गलकोट नगरपालिकाको आर्थिक विकास क्रियाकलापको महत्वपूर्ण अंगको रूपमा रहेको छ । गलकोट नगरपालिका कृषि, बागवानी र पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई थप व्यवसायिक बनाउन, उत्पादन लागत घटाउन र यान्त्रीकरण तथा प्रविधिमैत्री बनाउन एवम् परिवर्तित वातावरण मैत्री बनाउदै लैजान जरुरी छ । गलकोट नगरपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशु सेवाका कार्यक्रमहरूलाई प्रभावकारी, पारदर्शी, जबाफदेही, उत्तरदायी एवम् गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न गलकोट नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) बमोजिम गलकोट नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन निर्देशिका २०८० जारी गरिएको छ ।

**२.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम **"गलकोट नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम सञ्चालन निर्देशिका २०८०"** रहेकोछ ।

(ख) यो कार्यविधि गलकोट नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**३. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "नगरपालिका" भन्नाले गलकोट नगरपालिकालाई जनाउनेछ ।

(ख) "कार्यपालिका" भन्नाले गलकोट नगरपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

(ग) "प्रमुख" भन्नाले गलकोट नगरपालिकाको नगर प्रमुखलाई जनाउनेछ ।

(घ) "उप-प्रमुख" भन्नाले गलकोट नगरपालिकाको नगर उप-प्रमुखलाई जनाउने छ ।

(ङ) "आर्थिक विकास समिति" भन्नाले गलकोट नगरपालिकाको आर्थिक विकास समितिलई जनाउनेछ ।

(च) "सम्बन्धित शाखा" भन्नाले गलकोट नगरपालिकाको सम्बन्धित कार्यक्रम हेर्ने कृषि वा पशु सेवा शाखालाई जनाउनेछ ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठन भएको समितिलाई जनाउनेछ ।

(ज) "निर्देशक समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिम गठन भएको निर्देशक समितिलाई जनाउनेछ ।

(झ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम कृषि वा पशुपालन व्यवसाय गर्ने उद्देश्यले गठन भएको सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ञ) "समूह" भन्नाले नियम अनुसार गलकोट नगरपालिकाको कृषि/पशु सेवा शाखामा दर्ता भई सञ्चालनमा रहेको कृषक समूहलाई जनाउनेछ ।

(ग) "कृषि वस्तु" भन्नाले कृषकहरूको खेतबारी तथा गोठबाट उत्पादन गरिने खाद्यान्न, दलहन, तेलहन, मसला, जडीबुटी, तरकारी, फलफूल, नगदेबाली, पशुपन्छी, माछा, मासु, अण्डा आदि उत्पादन र तिनको प्रशोधन तथा विक्री वितरणका वस्तु समेतलाई सम्झनु पर्दछ ।

(घ) "लक्षित वर्ग" भन्नाले दलित तथा सामाजिक रूपमा विपन्न एवम् पिछडिएका आदिवासी, जनजाति, महिला, सुकुम्वासी, मुक्त कमैया र भूमिहीनलाई जनाउँदछ ।

(ङ) "कार्यालय" भन्नाले गलकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई जनाउँदछ ।

**४. उद्देश्य** : यस निर्देशिकाको प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) नगरपालिकाबाट सञ्चालन हुने कृषि तथा पशु सेवाका कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवम् गुणस्तरयुक्त बनाउने ।,

(ख) कृषि, पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई दिगो मर्यादित, प्रतिस्पर्धी एवम् उत्पादनमुलक बनाउने,

(ग) अनुदानमा आधारित कार्यक्रमममा अनुदान वितरण प्रक्रियालाई सरल र वैज्ञानिक बनाई निष्पक्ष र पारदर्शी बनाउने,

(घ) सेवा प्रवाहको प्रक्रियालाई सरल, निष्पक्ष र प्रणाली युक्त बनाउने

(ङ) लाभग्राहीहरूको छनौट प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने ।

## परिच्छेद २
## कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन प्रक्रिया
## (प्रस्ताव आह्वान, छनौट, कार्यान्वयन र भुक्तानी)

**५. कार्यक्रम स्वीकृति र बजेट सिमा :** गलकोट नगरपालिकाको नगर सभाले पारित गरेको वार्षिक बजेट ले तोकेको सीमामा रहि शाखाले वार्षिक कार्य योजना तयार गर्नेछ । यस्तो कार्य योजना आर्थिक विकास समितिबाट स्वीकृत भै प्रमुख प्रशासकीय अधिकृत बाट प्रमाणित भएपछि कार्यक्रम कार्यान्वयन मा आउनेछ ।

**६. सूचना गर्ने :** शाखाले प्रत्यक्ष कृषकहरूको सहभागिताबाट सञ्चालन हुने कार्यक्रमहरूमा सहभागी हुन अनुसूची १ बमोजिमको १५ दिने सार्वजनिक सूचना स्थानीय एफ एम र पत्रिका मार्फत वा नगर स्थित सरकारी निकायहरमा टाँस गरी प्रस्ताव आह्वान गर्नेछ ।

**७. आवेदन दर्ता गर्नु पर्ने :** सूचनामा उल्लेख भए मुताबिक कार्यक्रम सञ्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरूले अनुसूची २ बमोजिमको आवेदन, अनुसूची ३ बमोजिमको व्यवसायिक योजना, अनुसूची ४ बमोजिमको लागत साझेदारी प्रतिबद्धता पत्र, अनुसूची ५ बमोजिमको स्व घोषणा, अनुसूची ६ बमोजिमको वडा कार्यालय र सम्बन्धित सेवा केन्द्रको सिफारिस र अन्य सान्दर्भिक कागजातहरू संलग्न राखी निर्धारित समय भित्र शाखामा आवेदन दर्ता गर्नु पर्नेछ ।

**८. म्याद थप :** दफा ५ बमोजिमको सूचनाका आधारमा निर्धारित समयभित्र प्रयाप्त प्रस्तावना दर्ता हुन नआएमा सम्बन्धित शाखाले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

**९. कार्यक्रम उपर कारबाही:** म्याद गुज्री वा रीत नपुगी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुने छैन ।

**१०. मूल्याङ्कन तथा सिफारिस समिति :** (१) प्राप्त प्रस्तावहरूको प्रारम्भिक छनौट फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको ''मूल्याङ्कन तथा सिफारिस समिति'' रहनेछ ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : नगरपालिका आर्थिक विकास समितिका कृषि/पशु सेवा हेर्ने प्रतिनिधि

सदस्य सचिवः कृषि/पशु सेवा(कार्यक्रम अनुसार सम्बन्धित) शाखा प्रमुख

(२) सिफारिस समितिले आवश्यक ठहरिएको खण्डमा बढीमा दुई जना सम्म विज्ञ मूल्याङ्कन प्रक्रियामा आमन्त्रण गर्न सक्नेछ ।

**११. फिल्ड भेरिफिकेसन तथा स्थलगत निरीक्षण सम्बन्धी व्यवस्था:** प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले सम्बन्धित वडाको वडाध्यक्ष वा वडा अध्यक्षले तोकेको जनप्रतिनिधि समेतको संलग्नतामा शाखाको प्राविधिक टोली परिचालन गरी अनुसूची ७ बमोजिम फिल्ड भेरिफिकेसन गर्नेछ । साथै आवश्यक ठानेमा समिति स्वयले समेत सिफारिस गर्नुपुर्व स्थलगत निरीक्षण गर्न सक्नेछ ।

**१२. प्रस्ताव मूल्याङ्कन सम्बन्धी:** प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची ८ बमोजिमको प्रस्तावकहरूको मूल्याङ्कन गरी प्राथमिकीकरण सहितको सूची स्वीकृतिका लागि कृषि तथा पशु सेवा कार्यक्रम निर्देशक समिति समक्ष पेश गर्नेछ ।

**१३. कृषि तथा पशु सेवा कार्यक्रम निर्देशक समिति :**

क) नगरपालिकामा कृषि तथा पशु सेवा कार्यक्रम छनौट, सञ्चालन तथा निर्देशनका लागि प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाको शाखा प्रमुख समेतको उपस्थितिमा नगरपालकिाको आर्थिक विकास समिति लाई नै निर्देशक समिति मानिनेछ ।

ख) निर्देशन समितिले आवश्यक ठहर्याएको खण्डमा बढीमा दुई जना सम्म विज्ञलाई मूल्याङ्कन प्रक्रियामा आमन्त्रण गर्न सक्नेछ ।

ग) निर्देशन समितिले कार्यक्रम छनौट अलावा सञ्चालनको क्रममा बेलाबेलामा अनुगमन गर्न र आवश्यक निर्देशन दिन सक्नेछ । साथै कार्यक्रमको सम्बन्धमा अन्य बाधा अडकाउ फुकाउको निर्णय गर्ने अधिकार समेत निर्देशन समितिमा रहने छ ।

**१४. छनौट** : प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राथामिकीकरण सहितको सूची स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गरेकोमा निर्देशन समितिले आधार सहित छनौट गरी कार्यादेश दिनेछ ।

**१५. सूचना प्रकाशन :** निर्देशक समितिले स्वीकृत गरे पश्चात छनौट भएका र वैकल्पिक छनोटमा परेका प्रस्तावकहरूको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी सम्बन्धित शाखाबाट सूचना प्रकाशन गरिनेछ ।

**१६.सम्झौता** :

(क) स्वीकृत प्रस्तावका आवेदन सँग सम्बन्धित शाखाले अनुसूची ९ बमोजिमको दुई पक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने छ ।

ख) तोकिएको अवधि भित्र दुइपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावक सँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ग) दुइपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

घ) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ साथै यस्तो कार्यक्रम सञ्चालनमा आवेदकले व्यहोर्नुपर्ने लागत कार्यक्रमको प्रकृति र उद्देश्य बमोजिम सम्झौतामा नै उल्लेख गर्नुपर्नेछ ।

**१७. अनुदान प्रवाहका सर्त तथा सिमाहरू :**

क) प्रस्ताविक कार्यक्रमका लागि योग्यता पुगेको संस्थागत प्रस्तावहरूको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा दर्ता भएको हुनु पर्दछ ।

ख) विगत दुई वर्ष भित्र प्रदेश मन्त्रालय संघीय मन्त्रालय वा मातहतका निकाय बाट सोही प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनः अनुदानका लागि योग्य मानिने छैन । तर अपूरो निर्माण वा कार्यक्रम लाई पूर्णता दिइ सञ्चालनमा ल्याउन आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

ग) प्रस्तावकले मेसिनरी, उपकरण र विशिष्टीकृत सामान हरू खरिद गर्दा सोको स्पेशिफिकेशन, कोटेशन र कम्पनी आदिको विवरण कार्यलयमा पेश गरी पूर्व स्वीकृती लिएर खरिद गर्नु पर्नेछ ।

घ) अनुदान प्राप्त गर्ने प्रस्तावले कम्तीमा ५ वर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

ङ) लिजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गा धनी सँग कार्यक्रमको प्रकृति हेरी कम्तीमा ५ देखी १० वर्षको करार कार्यक्रम सम्झौताको मितिमा बाँकी रहेको हुनु पर्नेछ ।

च) अनुदानको लागि प्रस्ताव पेश गर्ने सँगठीत संस्थाको हकमा नियमानुसार सरकारी निकायमा दर्ता भएको, करचुक्ता गरेको, स्थायी लेखा नं. प्राप्त गरेको, नियमित लेखा परीक्षण भएको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

छ) अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना वा सामाग्रीहरू उद्देश्य विपरीतका कार्यहरूमा प्रयोग गर्न पाइने छैन ।

ज) अनुदानको रकम दुरुपयोग भएको पाइएमा वा उपनियम घ बमोजिमको अवधि सम्म व्यवसाय सञ्चालन नगरी हिनामिना गरेमा त्यस्ता अनुदान ग्राहीबाट प्रचलित कानुन  बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुली र अनुदानबाट खरिद वा निर्माण भएका सम्पत्तिहरू जफत समेत हुनेछ ।

झ) परिच्छेद ३ बमोजिमका लागत साझेदारीका अनुदान कार्यक्रममा नगरपालिकाले कार्यक्रमको औचित्यता अनुसार सार्वजनिक क्षेत्रमा सञ्चालन गरिने गतिविधिको लागि १०० प्रतिशत अनुदान, समूह/समिति, सहकारी, वा सञ्जालको सहभागितामा सामूहिक हितमा हुने कार्यक्रमका लागि बढीमा ८० प्रतिशत र व्यक्तिगत कृषक, फर्म तथा कम्पनीको लागि बढीमा ६० प्रतिशत अनुदान उपलब्ध गराउन सक्नेछ ।

ञ) परिच्छेद ४ बमोजिमका सेवा तथा प्रोत्साहनमूलक कार्यक्रमका हकमा अनुदान रकम सोही परिच्छेदमा तोकिए बमोजिम हुनेछ ।

**१८. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व :**

क) कार्यक्रम कार्यान्वयनका शिलशिलामा सूचना प्रकाशन प्रस्ताव छनौट सम्झौता अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

ख) सम्झौता मुताबिक कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

ग) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्राविधिक ईष्टिमेट तयार गर्दा कृषि तथा पशु सेवाका प्राविधिक कार्यहरूको हकमा सम्बन्धित सेवाका प्राविधिकबाट र अन्य भौतिक निर्माणहरूको हकमा निर्माण प्राविधिकबाट तयार गराई कार्यलयबाट स्वीकृति समेत लिई कार्यान्वयन गर्नुपर्नेछ ।

घ) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त/खरिद गर्न सक्नेछ ।

ङ) अनुदान ग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रूपमा सम्बन्धित कार्यलयमा उपलब्ध गराउनुपर्नेछ ।

**१९. भुक्तानी :**

क) सामान्यतया अनुदान रकमको भुक्तानी कार्यसम्पादनको आधारमा बढीमा २ किस्तामा गरिनेछ । तर रु १ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात् एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ ।

ख) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरी भौतिक निर्माणको हकमा प्राविधिकले तयार गरेको रनिङविल, मेजरमेन्टबुक, कार्यसम्पन्न प्रतिवेदन, कृषि/पशु सेवाका प्राविधिक विषयमा कृषि/पशु सेवा केन्द्रले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियमानुसारका कोटेसन, विल विजक दाखिला प्रतिवेदन एवम् फोटोग्राफ आदि कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालय र सेवा केन्द्रको सम्पन्न सिफारिस समेत, भुक्तानीका लागि निवेदन गर्नेछ ।

ग) उपदफा (ख) बमोजिमको निवेदन पश्चात सम्बन्धित शाखाले स्थलगत निरीक्षण गरी मनासिब ठहरिएमा रनिङविलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिइनेछ ।

ग) अनुदान रकम भुक्तानी गर्दा भौतिक निर्माण लागतको नियमानुसार कन्टिन्जेन्सि र विल रकमको नियमानुसार करकट्टि गरी भुक्तानी गरिनेछ ।

**२०. अनुगमन र मूल्याङ्कन :**

क) आवश्यकता अनुसार सरोकारवालाहरू बाट र छनौट, कार्यान्वयन तथा भुक्तानी प्रयोजनको लागि कृषि तथा पशु सेवा कार्यक्रम निर्देशक समिति, मूल्याङ्कन तथा सिफारिस समिति र अन्य सम्बन्धित विज्ञ र प्राविधिक टोलिहरूबाट कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्न सकिनेछ ।

ख) अनुदानको उपयोग, प्रगतिको अवस्था र कार्यविधि बमोजिमको सर्तहरू पालना भए नभएको सम्बन्धमा गलकोट नगरपालिकाका सम्बन्धित शाखाले नियमित अनुगमन गर्नेछन् ।

ग) अनुगमन टोलिले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । र यसरी दिईएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

घ) कार्यक्रम स्थलमा सबैले बुझिने भाषामा होर्डिङबोर्ड तयार गरी अनुदान प्राप्त रकम र कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

## परिच्छेद ३

## लागत साझेदारी/अनुदानमा आधारित कृषि तथा पशु सेवाका कार्यक्रम सम्बन्धी व्यवस्था

### २१.सामूहिक सहकारीतामा आधारित कृषि/ पशुपन्छी पालन फार्म खेती :

१. उद्देश्य : सामूहिक सहकारीतामा आधारित कृषि/ पशुपन्छीपालन फार्म खेती कार्यक्रमका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(अ) सहकारीतामा आधारित सामूहिक खेती प्रणाली / कृषि व्यवसाय मार्फत लक्षित वर्गको जीवनस्तर माथि उठाउने,

(आ)समूह/सामुदाय मार्फत कृषि सामग्रीको आपूर्ति तथा बालीको व्यवसायिक उत्पादन, खरिद विक्री, भण्डारण र बजारीकरणको प्रवद्धन गर्ने,

(इ) कृषिको उत्पादन बढाउने तथा कृषिलाई उद्योगको रूपमा विकास गर्ने,

(ई) कृषि पशुपालन व्यवसायलाई सहकारीकरणको माध्यमबाट दलित तथा सामाजिक रूपमा विपन्न एवम् पिछडिएका आदिवासी, जनजाति, महिला, परिवारको रोजगारी एवम् आय आर्जनमा टेवा पुर्याउने ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू:

क. सामूहीकताको भावना एवम् मर्म अनुरुप व्यवसायिक रूपमा खेती गर्न उत्सुक लक्षित वर्गमा समावेश दलित तथा सामाजिक रूपमा विपन्न एवम् पिछडिएका आदिवासी, जनजाति, महिला, समावेश भएको कृषि/पशु समूह/सहकारी/महिला समूह/क्लव आदि संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

ख. जनसहभागिताको आधारमा स्थानीय श्रोतको बढी परिचालन गर्न सक्षम कृषि/पशु सम्बन्धी उद्देश्य भएको समुदाय/ संस्था हुनु पर्नेछ ।

ग. लक्षित वर्गका महिलाहरूद्वारा सञ्चालित समूह/संस्थाहरूलाई छनौट प्रक्रियामा प्राथमिकता दिइनेछ ।

घ. कार्यक्रममै लक्षित वर्ग/समुदाय तोकिएकोमा उक्त तोकिएको समूहमा मात्र कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

ङ. कृषि/पशु सेवा शाखाले सामूहिक सहकारीतामा आधारित खेती स्कीम कार्यक्रम सञ्चालन गर्न प्रति स्कीम बढीमा रु. ५,००,०००|– (पाँच लाख) अनुदान रकम उपलब्ध गराउन सक्नेछ । उक्त रकम निम्न लिखित शीर्षकमा खर्च गर्न सकिनेछ ।

(अ) चालू खर्चः यस अन्तर्गत बढीमा कुल अनुदान रकमको ३०% निम्न बमोजिमका कार्यको लागि खर्च गर्ने । जस्तै– समूह सचेतना तथा शिक्षा तालिम, समूह/संस्था व्यवस्थापन तालिम, लेखा प्रणाली सम्बन्धी तालिम, कृषि/पशु तालिम आदि । यसका अतिरिक्त कृषि उत्पादन सामग्री खरिद तथा सेवा/सामग्री/ श्रोतमा खर्च गर्न सकिनेछ ।

(आ) पुँजीगत खर्चः यस अन्तर्गत कम्तीमा कूल अनुदान रकमको ७०% सम्म निम्न बमोजिमका कार्यका लागि खर्च गर्ने । जस्तै – औजार, यन्त्र उपकरण, मेसिनरी, पशु वस्तु तथा निर्माण कार्यहरू आदि ।

च) दफा १६ उपदफा २.घ बमोजिमको तोकिएको वर्ग समुदाय लक्षित कार्यक्रमको हकमा ५० प्रतिशत सम्म चालू खर्चका कार्यक्रम प्रस्ताव गर्न सकिनेछ। तर यस्तो कार्यक्रमको अधिकतम अनुदान कार्यक्रमको सिमा अनुसार हुनेछ।

छ) सामूहिक सहकारीतामा आधारित कृषि/ पशुपन्छीपालन फार्म खेती कार्यक्रम अनुच्छेद २ बमोजिम प्रस्ताव आह्वान, प्रस्ताव छनौट, कार्यान्वयन र भुक्तानी गरिने छ।

**२२. व्यवसायिक कृषि/पशुपालन फार्महरूलाई पुंजीगत अनुदान :**

१. उद्देश्य : व्यवसायिक कृषि/पशुपालन फार्महरूलाई पुँजीगत अनुदान कार्यक्रमका मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन् ।

(क) नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका कृषि/पशुपालन फार्ममा कृषि सामग्रीको आपूर्ति तथा कृषि वस्तुको व्यवसायिक उत्पादन, खरिद विक्री, भण्डारण र बजारीकरणको प्रवद्धन गर्न आवश्यक पुँजीगत लागतमा लागत न्यूनीकरण गर्न सघाउने।

(ख) कृषिको उत्पादन तथा उत्पादकत्व बढाउन र कृषिलाई उद्योगको रूपमा विकास गर्न आवश्यक नविन प्रविधिहरू व्यवसायिक फार्ममा न्यून लागतमा उपयोग गर्न कृषक व्यवसायिहरूलाई अनुदान उपलब्ध गराउने।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू

(क) नगरपालिकामा दर्ता भई व्यवसायिक योजना सहित कृषि तथा पशुपन्छीजन्य कृषि वस्तु उत्पादनमा रहेका र नविन प्रविधि प्रयोग गर्न आवश्यक रहेका वा फार्म विस्तार गर्न आवश्यक भएका कारण पुँजीगत लगानी गर्न तत्पर रहेका साना, मझौला वा ठूला सबै किसिमका कृषि वा पशुपालन फार्महरू यस कार्यक्रमका लाभग्राही सूचीमा पर्न सक्छन्।

(ख) यसतो कार्यक्रम तयार गर्दा साना, मझौला वा ठूला व्यवसायिक फार्महरूलाई लाभग्राही तोकी कार्यक्रम तय गरिएकोमा तोकिएका वर्गका फार्महरू नै लक्षित कार्यक्रमका लाभग्राही हुनेछन्।

(ग) फार्म व्यवसायमा आवश्यक नविन प्रविधिमा आधारित औजार, यन्त्र उपकरण, मेसिनरी, बीउ भाले जस्ता खरिद कार्य तथा सिंचाइ, गोठ, टनेल, फेन्सिङ, तारवार, स्टोर, प्रशोधनघर जस्ता स्थायी संरचना निर्माण कार्यहरू मा मात्र पुँजीगत अनुदान प्रदान गरिनेछ । यसका अलावा मल, लाभग्राही, ज्याला, चल्ला खरिद, भाडा आदि अल्पकालीन चालू खर्चका लागि यस्तो अनुदान उपलब्ध गराइनेछैन।

(घ) लाभग्राही स्कीम छनौट गर्दा लक्षित वर्गहरूद्वारा सञ्चालित फार्म, फार्म सञ्चालनको लामो अनुभव, प्रविधिको उपयोग, बजार लक्षित उत्पादन जस्ता फार्मका गणहरूलाई प्राथमिकता दिइनेछ भने यसअघि फार्ममा प्राप्त कुनै प्रकारको अनुदान प्राप्त गरेको फार्मलाई भन्दा अनुदान प्राप्त नगरेको फार्मलाई प्राथमिकतामा राखिनेछ।

(ङ) पुँजीगत अनुदान कार्यक्रमबाट एकल स्वामित्वको व्यवसायिक फार्महरूलई प्रति स्कीम बढीमा रु. २,००,०००।– (दुई लाख)सम्म र समूह वा सहकारीद्वारा सञ्चालित सामूहिक फार्मलाई प्रति स्कीम बढीमा रु. ३,००,०००।– (तिन लाख)सम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(ज) व्यवसायिक कृषि/पशुपालन फार्महरूलाई पुँजीगत अनुदान कार्यक्रम अनुच्छेद २ बमोजिम प्रस्ताव आह्वान, प्रस्ताव छनौट, कार्यान्वयन र भुक्तानी गरिने छ।

**२३. साना सिंचाइ मर्मत संभार अनुदान कार्यक्रम :**

१. उद्देश्य : साना सिंचाइ मर्मत संभार अनुदान कार्यक्रमका मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन् ।

(क) नगरपालिकामा भित्रका सामुदायिक/ सामूहिक वा निजी फार्म ले सञ्चालन र उपभोग गरेका सिंचाइ प्रणालीहरूमा आवश्यक मर्मत, विकास र संभार कार्य गरी सिंचित क्षेत्रको उपलब्धता र सिंचाइको निरन्तरतालाई बढावा दिने।

(ख) नगरक्षेत्रमा कृषिको उत्पादन तथा उत्पादकत्व बढाउन नयाँ साना सिंचाइ प्रणाली निर्माण, सञ्चालनमा रहेका सिंचाइ प्रणालीहरूको थप विकास, जिर्ण सिंचाइ प्रणालीहरूको मर्मत संभार र पुनउपयोग : कृषकसमूह, सहकारी, कृषक सञ्जाल कृषक व्यवसायिहरूको प्रत्यक्ष संलग्नता र लाभग्राहीको अपनत्व रहने गरी गर्ने।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू:

(क) सम्बन्धित सरकारी निकायमा दर्ता भई कृषि वस्तु उत्पादनमा लागेका सहकारी, समूह वा व्यवसायी/उद्यमीहरू जो आफ्ना उत्पादनको लागि प्रत्यक्ष रूपमा भूमिको उपयोग गर्दछन् र सिंचाइ व्यवस्थाले उनीहरूको उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर गर्दछ त्यस किसिमका कृषकहरू नै यस कार्यक्रमका लाभग्राही सूचीमा पर्न सक्छन्।

(ख) यस्तो कार्यक्रम तयार गर्दा सहकारी, समूह, समुदाय वा व्यवसायीहरू लाई छुट्टै लाभग्राही तोकी कार्यक्रम तय गरिएकोमा तोकिएका वर्गहरू नै लक्षित कार्यक्रमका लाभग्राही हुनेछन्।

(ग) साना सिंचाइ मर्मत संभार अनुदान कार्यक्रमबाट सिंचाइ निर्माण विकास एवम् मर्मत संभारका अलावा आवश्यक नविन प्रविधिमा आधारित सिंचाइ यन्त्र उपकरणहरू जस्तै सिफ्ट सिंचाइ, फोहोरा सिंचाइ, थोपा सिंचाइ जस्ता निर्माण कार्यहरू समेत गर्न सकिनेछ। यस कार्यक्रमबाट सिंचाइ सँग सम्बन्धित निर्माणजन्य पुँजीगत खर्च बाहेक अल्पकालीन चालू खर्चका लागि अनुदान उपलब्ध गराईनेछैन।

(घ) लाभग्राही स्कीम छनौट गर्दा लक्षित वर्गहरूको भूमी सिंचित गर्ने सिंचाइ प्रणाली र स्कीम सञ्चालनमा लक्षित वर्ग प्रत्यक्ष संलग्न रहने स्कीम, धेरै जनसङ्ख्यालाई फाईदा पुग्ने स्कीम, प्रणालीद्वारा सिंचित हुने संभावित भूमी अधिक भएको स्कीम, व्यवसायिक संभावना बोकेको क्षेत्रलाई सिंचित गर्ने स्कीम, प्रविधिको उपयोग, बजार लक्षित वस्तु उत्पादनहुने सिंचाइक्षेत्र जस्ता गुणहरूलाई प्राथमिकता दिईनेछ।

(ङ) साना सिंचाइ मर्मत संभार अनुदान कार्यक्रमका बाट प्रति स्कीम बढीमा रु. २,००,०००।– (दुई लाख)सम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(च) साना सिंचाइ मर्मत संभार अनुदान कार्यक्रम अनुच्छेद २ बमोजिम प्रस्ताव आह्वान, प्रस्ताव छनौट, कार्यान्वयन र भुक्तानी गरिने छ।

**२४. कृषि तथा पशुपन्छी श्रोत केन्द्र(नर्सरी) विकास कार्यक्रम :**

१. उद्देश्य : कृषि तथा पशुपन्छी श्रोत केन्द्र विकास कार्यक्रम का मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन्|

क. नगरपालिका क्षेत्र भित्रका कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकहरूलाई आवश्यक पर्ने फार्म आपूर्तिका प्रारम्भिक वस्तुहरू बाहिरबाट आपूर्ति गर्नु नपर्ने गरी नगरभित्रै त्यस्ता श्रोत साधनहरूको उपलब्धतालाई सुनिश्चित गर्नु श्रोत केन्द्र विकास कार्यक्रमको प्रमुख उद्ददेश्य हो।

(ख) कृषितथा पशुपालन फार्मको लागि आवश्यक पर्ने प्रारम्भिक कृषि वस्तु तथा श्रोत साधनहरूको उत्पादन तथा आपूर्ति बढाउन त्यस्ता आपूर्ति गर्ने व्यवसायहरू जस्तै घाँसेबाली श्रोतकेन्द्र, फलफूल नर्सरी, पाडापाडी/पाठापाठी को आपूर्ति गर्ने पशुविकास श्रोत केन्द्रहरू, गड्यौलाको लाभग्राही उत्पादन गर्ने श्रोत केन्द्र, जस्ता कृषि व्यवसायलाई आपूर्ति गर्ने श्रोत आपूर्ति उद्योगको रूपमा विकास गर्न र आवश्यक नविन प्रविधिहरू न्यून लागतमा उपयोग गर्न श्रोत केन्द्र व्यवसायिहरूलाई अनुदान उपलब्ध गराउने।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू

क. नगरपालिकामा दर्ता भई निरन्तर एक वर्षभन्दा बढी समय देखी कृषि तथा पशुपन्छी जन्य कृषि वस्तु उत्पादनमा रहेका सहकारी, कृषक समूह/समिति वा व्यवसायिक फार्मलाई श्रोत केन्द्रको रूपमा विकास र विस्तार गर्न तत्पर रहेका सामूहिक/सहकारी/निजी फार्महरू यस कार्यक्रमका लाभग्राही सूचीमा पर्दछन्।

ख. यस्तो कार्यक्रम तयार गर्दा समूह, समिति, सहकारी, निजी वा साना, मझौला, ठूला व्यवसायिक फार्महरूलाई लाभग्राही तोकी कार्यक्रम तय गरिएकोमा तोकिएका वर्गका फार्महरू नै लक्षित कार्यक्रमका लाभग्राही हुनेछन्।

ग. श्रोत केन्द्रको रूपमा विकास गर्न आवश्यक नविन प्रविधिमा आधारित औजार, यन्त्र उपकरण, मेसिनरी,मुल बीउ, माऊ बिरुवा, बीउ भाले जस्ता खरिदकार्य तथा सिंचाइ, गोठ, टनेल, फेन्सिङ, तारवार, स्टोर, प्रशोधनघर जस्ता स्थायी संरचना निर्माण कार्यहरू मा मात्र श्रोत केन्द्र विकास कार्यक्रमको अनुदान प्रदान गरिनेछ

घ. लाभग्राही स्कीम छनौट गर्दा लक्षित वर्गहरू द्वारा सञ्चालित फार्म, फार्म सञ्चालनको लामो अनुभव, प्रविधिको उपयोग, बजार लक्षित उत्पादन जस्ता फार्मका गुणहरूलाई प्राथमिकता दिइनेछ।

ङ ) कृषि तथा पशुपन्छी श्रोत केन्द्र विकास कार्यक्रमबाट नर्सरी विकासको लागि प्रति स्कीम बढीमा रु. ३,००,०००।– (तिन लाख)सम्म र पशुपन्छी श्रोत केन्द्र विकासको लागि प्रति स्कीम बढीमा रु. ५,००,०००।– (पाँच लाख)सम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

च. कृषि तथा पशुपन्छी श्रोत केन्द्र विकास कार्यक्रम अनुच्छेद २ बमोजिम प्रस्ताव आह्वान, प्रस्ताव छनौट, कार्यान्वयन र भुक्तानी गरिने छ।

**२५. व्यवसायिक पकेट विकास कार्यक्रम :**

१. उद्देश्य : व्यवसायिक पकेट विकास कार्यक्रमका मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन्।

क. राष्ट्रिय र स्थानीय महत्वका एवम् नगरपालिकामा भित्रका निश्चित क्षेत्रमा हावापानी र मौसम सुहाउँदा कृषि, बागवानी, पशुपन्छी एवम् मत्स्यजन्य  बाली वस्तु उत्पादनमा तोकिएको क्षेत्र भित्रका तोकिएको वर्गका कृषक समूहहरूलाई लक्षित गरी तोकिएको बाली वस्तुमा पकेट विकास गराई निश्चित वस्तुको व्यवसायिक विकास गर्नु व्यवसायिक पकेट विकास कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ।

ख) तोकिएको क्षेत्रलाई तोकिएको बाली वस्तुको व्यवसायिक पकेटको रूपमा विकास गरी वस्तुको श्रोत केन्द्रको रूपमा पकेटलाई विकास गर्ने र  उत्पादनलाई बजारीकरणको माध्ययमबाट  कृषकहरूको व्यवसायिक क्षमता विकास गर्नेछ।

ग) कार्यक्रमले सम्भावनाको आधारमा बाली वस्तुको व्यवसायिक पकेट विकास गराई ग्रामिण व्यवसाय प्रवद्धन सँगै नगरक्षेत्रमा कृषि वस्तुको माग आपूर्तिको सन्तुलन सँगै निर्यातमुखी उत्पादनमा जोड दिनेछ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू :

क)तोकिएको बाली वस्तुको व्यवसायिक पकेट निर्माण गनर्, बाली वस्तु अनुकूलको वातावरण, मौसम, सम्भावित प्राकृतिक श्रोत साधनको उपलब्धता, बजार जस्ता विषयहरूको सूक्ष्म अनुगमन समेतको आधारमा दफा १० बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिले पकेट विकासको लागि तोएिको लक्षको ५० प्रतिशत वैकल्पिक क्षेत्र समेतको सम्भावित क्षेत्रहरूको सूची तयार गरी दफा १३ बमोजिमको कृषि तथा पशु सेवा कार्यक्रम निर्देशन समिति समक्ष पेस गर्नेछ।

ख) यसरी मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस गरेको सूचीबाट तोकिएको बाली वस्तुको व्यवसायिक सम्भावना समेतको आधारमा कृषि तथा पशु सेवा कार्यक्रम निर्देशक समितिले व्यवसायिक पकेट विकासको क्षेत्र निर्धारण गर्नेछ।

ग) उपदफा क र ख बमोजिम छनौट भएको क्षेत्र भित्रमा तोकिएका वर्गका तोकिएको बाली वस्तु उत्पादन/पालन गर्ने सहकारी, समूह/समिति वा कृषक समुदायहरू नै यस कार्यक्रमका लाभग्राही सूचीमा पर्न सक्छन् । यस्ता लाभग्राहीहरू सँग अनुच्छेद २ दफा ६ बमोजीम प्रस्ताव माग गरी दफा १४ बमोजिम लाभग्राही छनौट गरिनेछ। यस्तो तोकिएको क्षेत्रका छनौट भएका लाभग्राहीहरूको भेलाबाट कार्यक्रमको बाली वस्तुको ढाँचा बमोजिमका कृषक परिवारहरू समेटेर पकेट विकास समिति गठन गरिनेछ।

घ. कृषि/पशु सेवा शाखाले व्यवसायिक पकेट विकास कार्यक्रम सञ्चालन गर्न प्रति पकेट बढीमा रु. २५,००,०००।– (पच्चिस लाख) सम्म अनुदान रकम उपलब्ध गराउन सक्नेछ । उक्त रकम निम्न लिखित शीर्षकमा खर्च गर्न सकिनेछ।

(अ) चालू खर्चः यस अन्तर्गत बढीमा कुल अनुदान रकमको ३०% निम्न बमोजिमका कार्यको लागि खर्च गर्ने। जस्तै– सचेतना तथा शिक्षा तालिम, समूह/संस्था व्यवस्थापन तालिम, लेखा प्रणाली सम्बन्धी तालिम, कृषि/पशु तालिम आदि। यसका अतिरिक्त कृषि उत्पादन सामग्री खरिद तथा सेवा/सामग्री/ श्रोतमा खर्च गर्न सकिनेछ।

(आ) पुँजीगत खर्चः यस अन्तर्गत कम्तीमा कूल अनुदान रकमको ७०% निम्न बमोजिमका कार्यका लागि खर्च गर्ने। जस्तै – औजार, यन्त्र उपकरण, मेसिनरी, पशु वस्तु तथा निर्माण कार्यहरू आदि।

च) व्यवसाकि पकेट विकास कार्यक्रम सञ्चालन उपदफा क, ख,ग, बमोजिम को समिति गठन पश्चात अनुच्छेद २ दफा १६, १७, १८, १९, २० बमोजिम कार्यान्वयन र भुक्तानी गरिने छ।

**२६. बजार प्रवद्धन कार्यक्रम :**

१. उद्देश्य : नगरभित्रका व्यवसायिक कृषक, फार्म, समूह, सहकारीबाट उत्पादित कृषि वस्तुको बजार पहुँचलाई सहज बनाउन, उत्पादित वस्तुको बजार सुनिश्चित गर्न र उत्पादक र उपभोक्ता बिचमा हुने विचौलिया क्रियाकलाप कम गरी उत्पादक र उपभोक्ताबिच समन्वय स्थापना गर्नु नै बजार प्रवद्धन कार्यक्रमको प्रमुख उद्देश्य रहनेछ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू

क) बजार प्रवद्धन कार्यक्रमका लक्षित वर्ग नगरपालिका क्षेत्रमा व्यवसायिक रूपमा कृषिउपज उत्पादन गर्ने व्यवसायी, कृषक सहकारी, कृषक समूह/समिति हुन्। प्रत्यक्ष वा परोक्ष रूपमा उत्पादनकर्ताको संलग्नतामा सञ्चालित कृषि बजारलाई संरक्षण र संवर्धन गर्न यस्ता उत्पाकहरूद्धारा गठित कृषक सञ्जाल, सहकारी वा समितिबाट सञ्चालित बजारलाई प्राथमिकतामा राखिनेछ

ख) हाटबजार, संकलन केन्द, दुग्ध संकलन केन्द्र, डेरी उद्योग जस्ता कृषि वस्तुको बजारलाई बजार विकास र विस्तार गर्न आवश्यक पुँजीगत र नयाँ बजार स्थापना गर्न प्रारम्भिक चरणमा आवश्यक पर्ने चालू खर्च समेतमा लाभग्राहीको तोकिएको प्रतिशत नगद लागत रहने गरी अनुदान प्रदान गर्न सकिनेछ।

ग) हाट बजार, संकलन केन्द्र डेरी उद्योग वा कुनै पनि किसिमको कृषि बजारलाई बजार प्रवर्द्धन कार्यक्रम बाट अनुदान उपलब्ध गराइएकोमा गलकोट नगरपालिकाको कृषि बजार निर्देशिका २०८० बमोजिमको कृषि बजारको रूपमा सञ्चालन गर्नुपर्नेछ।

घ) हाटबजार, संकलन केन्द्र डेरी उद्योग वा अन्य कृषि उपजको बजारलाई बजार विकास र विस्तार गर्न बजार प्रवद्धन कार्यक्रम अनुच्छेद २ बमोजिम प्रस्ताव आह्वान, प्रस्ताव छनौट, कार्यान्वयन र भुक्तानी गरिने छ।

**२७. कृषि/पशुपालनका बीउ/बिरुवा/यन्त्र/उपकरण/सामाग्री तथा प्रविधि वितरण कार्यक्रम :**

१. उद्देश्य : कृषि सामाग्री तथा प्रविधि वितरण कार्यक्रम का मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन्

(क) नगर क्षेत्रभित्रका कृषि तथा पशुपालनमा रहेका कृषकलाई कृषि तथा पशुपालनमा लागिरहन र त्यसलाई व्यवसायिकता तर्फ उन्मुख गर्न प्रोत्साहन गर्न कृषि तथा पशुपालनमा अत्यावश्यक लाभग्राही/बिरुवा, प्रविधि जन्य सामाग्री वा प्रविधि वितरण गर्नु र त्यसबाट नयाँ प्रविधि, लाभग्राही विजन तथा बिरुवाहरू कृषकहरूका माझ परिचित गराई नयाँ प्रविधि प्रयोगमा प्रोत्साहन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा वितरणका आधारहरू

(क) बजेटद्वारा तोकिएको वितरण कार्यक्रमको स्वीकृत वार्षिक कार्य योजनाले तोकेका लाभग्राहीहरू नै वितरण कार्यक्रमका लाभग्राही हुनेछन्।

(ख) वितरण कार्यक्रममा कृषकहरूको आवश्यकता र उत्पादन लागत घटाउन सहयोगी हुने नयाँ प्रविधिमा आधारित सामाग्रीहरू एवम् कृषकहरूको उत्पादन र उत्पादकत्व विस्तारमा सघाउ पुर्याउने खालका लाभग्राही, बिरुवा तथा प्रविधिहरू रहनेछन् ।

(ग) यस्तो वितरण कार्यक्रम सञ्चालन गर्न लाभग्राही तोकिएकोमा सो समेत तोकि कार्यक्रमको वितरण क्षेत्रभित्रका कृषकहरूबाट माग संकलन गरिने सूचना प्रकाशन गरिनेछ । यस्तो सूचनाबाट सम्बन्धित सेवा केन्द्रमा माग संकलन गरिनेछ ।

(घ) कृषकको सम्बन्धित प्रविधिको प्रयोग हुन सक्ने सम्भावना र आवश्यकता एवम् स्वीकृत बजेटको सिमामा रहि माग गर्ने कृषकहरू मध्यबाट वितरण प्राप्त गर्ने कृषकको सूची सम्बन्धित शाखाले तयार गर्नेछ । सोही सूचीको आधारमा सम्भव हुनेमा सेवा केन्द्रबाटै वा सम्बन्धित शाखाबाट वितरण सम्पन्न गरिनेछ ।

## परिच्छेद ४

## शाखाबाट संचानलन हुने सेवामुलक तथा प्रोत्साहन कार्यक्रम सम्बन्धी व्यवस्था

### २८. कृषि/पशुपालन फार्म विकास लगानीमा व्याज अनुदान कार्यक्रम:

१. उद्देश्य :

क) नगरभित्रका व्यवसायिक सम्भावनाका कृषि/पशुजन्य उत्पादनमा व्यावसायीकरणलाई बढाउन सुरु लगानी वा विकास पूँजीको अभावमा हुने सम्स्यालाई समाधान गर्न र कृषि उत्पादनमा गरिने लगानीबाट प्रतिफल आउन लाग्ने समय लामो हुने र बैंक तथा वित्तीय संस्थाबाट लिइने ऋणको किस्ता र व्याज तिर्न कठिन हुने परिस्थितिबाट कृषक व्यवसायीहरूलाई राहत दिनु नै कार्यक्रमको उद्देश्य हुनेछ ।

ख) नयाँ कृषि/पशुपालन फार्म स्थापना गर्न चाहने वा फार्म विस्तार गर्न चाहने कृषकहरूलाई ऋण प्राप्तिको लागि बैंक, वित्तीय संस्था वा सहकारीहरू सँग समन्वय र सहजीकरण का माध्यम बाट सुलभ र न्यून व्याजदरको ऋण लगानी गराउनु र सो ऋणमा बढीमा ५ वर्ष सम्मको व्याज अनुदान उपलब्ध गराउनु ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा स्कीम छनौटका आधारहरू

क) नगरपालिकामा दर्ता भई कृषि तथा पशुपन्छी जन्य कृषि वस्तु उत्पादनमा रहेका र नविन प्रविधि प्रयोग गर्न आवश्यक रहेका वा फार्म विस्तार गर्न आवश्यक भएका कारण पुँजीगत लगानी गर्न तत्पर रहेका वा नयाँ फार्मको रूपमा स्थापित भई फर्म स्थापना गर्न लागेका साना, मझौला वा ठूला सबै किसिमका कृषि वा पशुपालन फार्महरू यस कार्यक्रमका लाभग्राही सूचीमा पर्न सक्छन् ।

ख. यस्तो कार्यक्रम तयार गर्दा साना, मझौला वा ठूला व्यवसायिक फार्महरूलाई लाभग्राही तोकी कार्यक्रम तय गरिएकोमा तोकिएका वर्गका फार्महरू नै लक्षित कार्यक्रमका लाभग्राही हुनेछन् ।

ग. कार्यक्रमबाट अनुदान प्राप्त गर्न व्यवसायीले प्राप्त गर्ने ऋण रकम पूर्ण रूपमा पुँजीगत निर्माण एवम् नविन प्रविधि विकास तथा विस्तारका लगानी गर्नु पर्नेछ ।

घ. ऋण लगानीमा व्याज अनुदान प्रदान गर्न गलकोट नगरपालिका भर कार्यक्षेत्र रहेको ऋण लगानीकर्ता बैंक, वित्तीय संस्था वा सहकारीहरू सँग कार्यालयबाट तोकिएको क्षेत्रमा ऋण लगानी गर्न सहकार्य र समन्वय गरिनेछ ।

ङ) कार्यालयले समन्वय छलफल र सहकार्यबाट न्यून व्याजदर हुने, कृषकहरूले प्रक्रियागत सहजता प्राप्त गर्न सक्ने र थप लाभहरू समेत प्राप्त गर्न सक्ने आधारमा ऋण लगानीकर्ता छनौट गरी त्यस्तो बैंक, वित्तीय संस्था वा सहकारीसँग समन्वय सम्झौता गरिनेछ ।

च) यस्तो सम्झौता गर्दा बैंकले लगानी गर्ने व्याजदर, अधिकतम ऋणको सिमा, नगरबाट प्रदान गरिने व्यज अनुदान दर र समय,एवम् लाभग्राहीले प्रदान गर्नुपर्ने धितो को श्रोत समेत स्पष्ट खुलाउनु पर्नेछ ।

छ) बैंक तथा वित्तीय संस्था सँगको सम्झौता पश्चात परिच्छेद २ बमोजिम प्रस्ताव आह्वान, छनौट तथा ऋण लगानी गरिनेछ । यसरी गरिने प्रस्ताव मूल्याङ्कनमा दफा १० बमोजिमको मूल्याङ्कन समितिमा सम्बन्धित बैंक वित्तीय संस्थाका प्रतिनिधि सदस्य हुनेछन् भने दफा १३ बमोजिमको निर्देशक समिति र बैंकका प्रतिनिधिको संयुक्त बैठकले व्यवसायी छनौट गर्नेछ । त्यसरी नै दफा १६ बमोजिम सम्झौता गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्था दोस्रो पक्षको साझेदारको रूपमा रहनेछ ।

ज) बैंकले ऋण लगानी भुक्तान गरेको मिति देखी एक वर्षको अवधिको व्याज उपदफा (च) बमोजिमको सम्झौतामा तोकिएको दरमा कार्यालयबाट अनुदानको रूपमा बैंक/वित्तीय संस्थालाई सिधै भुक्तानी गरिनेछ ।

झ) एकवर्ष भन्दा लामो अवधिको लागि व्याज अनुदान प्रदान गर्ने गरी सम्झौता गरिएकोमा नगरपाकिाले छुट्टै व्याज अनुदान कोष खाता को व्यवस्था गरी वार्षिक बजेटमा त्यस्तो व्याज भुक्तान गर्न आवश्यक रकमको व्यवस्था समेत गरी कोष खडा गर्नेछ । सोही खाताबाट विगत वर्षका सम्झौता बमोजिम व्याज अनुदान भुक्तानीको व्यवस्था मिलाइनेछ ।

**२९. बाँझो जमिन फुटाई खेती/पशुपालन गर्न प्रोत्साहन कार्यक्रम :**

१. उद्देश्य : बाँझो जमिन फुटाई खेती/पशुपालन गर्न प्रोत्साहन कार्यक्रम का मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन्

(क) नगर क्षेत्रभित्रका खेती योग्य जमिन बाँझिने दर बढदै गएको र लामो समय देखी जमिन बाँझो रहँदा नगरभित्र कृषि उत्पादन दर घट्दै गैरहेको अवस्थामा बाँझिएको जमिन फुटाएर पुनःउपयोग  गर्न कृषकलाई प्रोत्साहन गर्नु नै कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ ।

(ख) कृषि क्षेत्रमा स्व रोजगारीका अवसर श्रृजना गराउन नगरभित्र बाँझिएको खेतीयोग्य जमिन लाई पुनः उपयोगमा ल्याउनु र  कृषिमा भूमिको अधिकतम उपयोग गर्न सघाउनु कार्यक्रमको सहायक उद्देश्य हुनेछ ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा अनुदान भुक्तानी आधारहरू

(क) कोभिड १९ जस्ता कारणहरूबाट वैदेशिक रोजगारीबाट रोजगारी गुमाएर आएका वा स्वदेशमै कृषि व्यवसाय गर्न इच्छुक रहेका युवा कृषकहरू कार्यक्रमका प्राथमिक लाभग्राही हुनेछन् ।

(ख) विगत दुई वर्ष वा सो भन्दा बढी समय देखी बाँझो रहेको आफ्नै वा अरुको जमिन करार/लिजमा लिई कृषि वस्तु उत्पादनको लागि बाँझो फुटाएर पुनः उत्पादनशिल बनाउने कृषकहरूलाई तपसिल बमोजिमको प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

अ. असिंचित बाँझो जमिन(बारी)पुनःउपयोग गरी कोदो, मकै जौ, उवा जस्ता परम्परागत अन्नबाली लगाउने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ४०००/

आ. सिंचित बाँझो जमिन(बारी) पुनःउपयोग गरी धान, गहुँ, मकै जस्ता परम्परागत अन्नबाली लगाउने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ३५००/

इ. असिंचित बाँझो जमिन(बारी)पुनःउपयोग गरी व्यवसायिक तरकारी बाली लगाउने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ४५००/

ई. सिंचित बाँझो जमिन(बारी) पुनःउपयोग गरी व्यवसायिक तरकारी बाली लगाउने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ४०००/

उ. असिंचित बाँझो जमिन(बारी)पुनःउपयोग गरी व्यवसायिक फलफूल बाली लगाउने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ३५००/

ऊ. आफ्नै सिंचित बाँझो जमिन(बारी) पुनःउपयोग गरी व्यवसायिक फलफूल बाली लगाउने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ३०००/

ए. असिंचित बाँझो जमिन(बारी)पुनःउपयोग गरी व्यवसायिक पशुपालन एवम् घाँसखेती गर्ने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ३५००/

ऐ. आफ्नै सिंचित बाँझो जमिन(बारी) पुनःउपयोग गरी व्यवसायिक पशुपालन एवम् घाँसखेती गने कृषकलाई प्रति रोपनी पुनःउपयोगको लागि रु ३०००/

ओ. आफ्नै जमिन बाहेक अर्काको जमिन भाडामा, लिजमा, वा कुनै प्रकारको करारमा लिई बाँझो फुटाएर उपयोग गरेकोमा प्रति रोपनीको लागि रु १००० थप हुने।

(ग) यस्तो प्रोत्साहन अनुदान प्राप्त गर्न कृषकले कम्तीमा दुई वर्ष भन्दा बढी समय देखी बाँझो रहेको जमिनमा झाडी बुट्यान फडाँनीका अलावा अनावश्यक ठुला रुखहरू छिमलने वा हटाउने गरी कम्तीमा एकपटक खनजोत र झार र तिनका अवशेष हटाएपछि पुःन खनजोत गरी सम्बन्धित बालीको बाली लगाउने कार्य पुरा गरेको र पहिलो गोडमेल पुरा गरेको हुनुपर्नेछ।

(घ) प्रोत्साहन अनुदान प्रदान गर्न निम्नानुसारको प्रक्रिया अपनाइनेछ।

अ. सम्बन्धित शाखाले चौमासिक रूपमा १५ दिनको समयसिमा तोकि बाँझो जमिन फुटाउने कार्यक्रममा सहभागिताको लागि सूचना प्रकाशन गर्नेछ।

आ. कार्यक्रममा सहभागि हुन चाहने कृषकहरूले तोकिएको समयसिमा भित्र कार्यक्रममा सहभागी हुन पुनः उपयोग हुने जमिनको जग्गाधनी पुर्जाका प्रतिलिपि समेत बाँझो रहेको जमिनको क्षेत्रफल, बाँझिएको समय, पुनःउपयोग गरिने क्षेत्रफल र पुनः उपयोग गर्ने बाली वस्तु समेत खुलाई सम्बन्धित शाखामा निवेदन दिनुपर्नेछ। यस्तो निवेदनका साथमा पुनःउपयोग गरिने जमिन दुई वर्ष वा सो भन्दा बढी समय देखी बाँझो रहेको भनि सम्बन्धित वडाको सिफारिस संलग्न राख्नुपर्नेछ।

इ. प्राप्त निवेदनका सम्बन्धमा शाखाले जमिन बाँझो रहेको एकिन तथा बाली वस्तुको सम्भाव्य व्यक्ति समेतको आधारमा छनौट सूची तयार गर्नेछ। यस्तो सूची प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि कार्यक्रममा सहभागिताको सूची प्रकाशन गरिनेछ।

ई. उपदफा इ बमोजिमको सूचीमा परेका कृषकहरूले स्वीकृत क्षेत्रफलमा तोकिएको बाली लगाई सकेपछि बाँझो जमिन पुनःउपयोग भएको प्रमाण फोटोग्राफ सहित प्रोत्साहन रकम भुक्तानीको लागि तोकिएको सम्बन्धित शाखामा निवेदन दिनुपर्नेछ।

उ. शाखाबाट प्राप्त निवेदनहरूको स्थलगत प्राविधिक अनुगमन र प्रतिवेदन समेत तयार गरी अनुदान प्राप्त गर्ने सर्त पुरा गरेका लाभग्राहीहरूको सूची प्रमुख प्रशासकीय प्रमुखबाट पारित भए पछि सम्बन्धित लाभग्राहीहरूलाई प्रोत्साहन अनुदान शाखाबाट वितरण गरिनेछ।

**३०. उत्पादनमा आधारित नगद अनुदान कार्यक्रम :**

१. उद्देश्य : उत्पादनमा आधारित नगद अनुदान कार्यक्रम का मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन्।

(क) नगर क्षेत्रभित्रका कृषि तथा पशुपालनमा रहेका कृषकलाई कृषि तथा पशुपालनमा लागिरहन र व्यवसायिक उत्पादनलाई प्रोत्साहन गर्न कृषि तथा पशुपालन तर्फ उत्पादन गरी बजारमा विक्री वितरण गरिएको उत्पादनमा निश्चित रकम नगद अनुदान उपलब्ध गराइ व्यवसायिक उत्पादनमा प्रोत्साहन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा वितरणका आधारहरू :

(क) बजेटद्वारा तोकिएको उत्पादनमा आधारित अनुदान कार्यक्रमको स्वीकृत वार्षिक बजेट र वार्षिक कार्यक्रम कार्य योजना बमोजिम सकेसम्म नगरभित्रका सबै व्यवसायिक उत्पादकहरू समेटिने गरी बजारीकरणमा संलग्न कृषक

सञ्जाल, सहकारी, समूह वा समिति मार्फत अनुदान रकम लाभग्राहीहरू समक्ष वितरण हुने गरी लाभग्राही छनौट गरिनेछन् ।।

(ख) उत्पादनमा आधारित नगद अनुदान प्राप्त गर्न कृषकले अनिवार्य रूपमा आफ्नो उत्पादन बजारमा विक्री वितरण गरेको हुनुपर्नेछ । साथै अनुदान प्राप्त गर्न वार्षिक रूपमा तरकारीको हकमा कम्तीमा ३०० केजी, खाद्यान्नको हकमा कम्तीमा १००० केजी, जिउँदो पशुको हकमा वार्षिक कम्तीमा १० पशु वा ३०० केजि जिउँदो तौल, पन्छीको हकमा कम्तीमा १०० पन्छी वा २०० केजी जिउँदो तौल र दुध विक्री वार्षिक कम्तीमा ३०० लिटर विक्री गरेकोहुनु पर्नेछ । नगद अनुदान तरकारीको हकमा प्रति केजी रु ५ सानापशुको हकमा प्रतिकेजी रु १० ठुलापशुको हकमा प्रति केजी रु ५ पन्छीको हकमा प्रतिकेजी रु ४ र दूधको लागि प्रतिलिटर रु ४ हुनेछ ।

(ग) यस्तो अनुदान कार्यक्रम सञ्चालन गर्न लाभग्राही तोकिएकोमा सो समेत तोकि कार्यक्रमको वितरण क्षेत्रभित्रका कृषि उपज बजारीकरणमा संलग्न कृषक समूह/समिति, सहकारी वा कृषक सञ्जालहरूबाट बजारीकरण प्रतिनिधिको रूपमा कार्यक्रम सहभागिताको लागि प्रस्ताव माग सूचना प्रकाशन गरिनेछ ।

(घ) यस्तो प्रस्ताव पेश गर्दा प्रस्तावकले गत आ.व.को वस्तु खरिद र विक्रीको विवरण वस्तु खरिद गरिएका कृषकहरूको सूची र उक्त कृषकको वार्षिक विक्री परिमाण समेत पेश गर्नुपर्नेछ । साथै चालू आ.व. को अनुमानित उत्पादन विक्री परिमाण समेत पेश गर्नुपर्नेछ ।

(ङ) यस्तो लाभग्राही कृषक समूह/समिति, सहकारी वा कृषक सञ्जाल छनौटको विधि अनुच्छेद २ बमोजिम गरिनेछ ।

(च) अनुदान कार्यक्रमको लागि बजारीकरण गर्ने समूह सहकारी वा सञ्जाल छनौट गर्दा सकेसम्म धेरै लाभग्राही रहेको र वार्षिक विक्री परिमाण अधिक रहेको समूह सहकारी वा सञ्जाललाई प्राथमकिता दिइनेछ ।

(छ) अनुदानको लागि छनौट भएका बजारीकरण प्रतिनिधि समूह सहकारी वा सञ्जालले नगरमा सम्झौता गरेपछी चालू आ.व.मा लाभग्राही कृषकहरूलाई उनिहरूको वास्तविक विक्रीको आधारमा तोकिएको रकम नगद अनुदान वितरण गरेको भर्पाइ र खरिद विक्री सम्बन्धी लेजर समेत पेश गरी नगरबाट रकम भुक्तानी लिनु पर्नेछ ।

(ज) यस्तो नगद अनुदान उत्पादक कृषकले मात्र पाउने हुँदा प्रत्यक्ष उत्पादन नगरी विचौलिया कार्यबाट सम्बन्धित समूहलाई वस्तु विक्री गर्ने व्यक्तिलाई अनुदान दिन पाइनेछैन । साथै विक्री वितरण गर्ने समूह सहकारी वा सञ्जालले उत्पादकले पाउने नगद अनुदान रकमबाट कुनै अंश राख्न हुदैन ।

(झ) नगरपालिकाबाट उत्पादनमा आधारित नगद अनुदान प्राप्त गर्न छनौट भएका समूह सहकारी वा सञ्जालले चौमासिक विक्रीको आधारमा विल भर्पाई पेश गरी प्रत्येक चौमासिकमा नगद अनुदान प्राप्त गर्न वा वार्षिक रूपमा एकमुस्ट भुक्तानी लीन सक्नेछन् ।

**३१. पाडापाडी/बाच्छाबाच्छी संरक्षणका लागि पाडापाडी/बाच्छाबाच्छी हुर्काउने कृषकलाई नगद अनुदान कार्यक्रम :**

१. उद्देश्य : पाडापाडी/बाच्छाबाच्छी संरक्षणका लागि पाडापाडी बाच्छाबाच्छी हुर्काउने कृषकलाई नगद अनुदान कार्यक्रम का मुख्य उद्देश्यहरू निम्न अनुसार रहनेछन्

(क) नगर क्षेत्रभित्रका पशुपालनमा रहेका कृषकलाई पशुपालनमा लागि रहन खासगरी भैंसी पालनमा रहेको हतुवा प्रणालीलाई दुरुत्साहन गर्ने ।

(ख) पाडापाडी तथा स्थानयि तथा उन्नत गाइ पालनलाई प्रोत्साहन गर्न पाडापाडी/बाच्छाबाच्छी हुर्काउने कृषकलाई निस्चित अवधि पाडापाडी/बाच्छाबाच्छी हुर्काए वापत नगद अनुदान उपलब्ध गराइ पाडापाडी/बाच्छाबाच्छी हुर्काउन प्रोत्साहन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ ।

२. लक्षित लाभग्राही, कार्यक्रमका सर्त तथा वितरणका आधारहरू

(क) बजेटद्वारा तोकिएको पाडापाडी/बाच्छाबाच्छी संरक्षणका लागि पाडापाडी बाच्छाबाच्छी हुर्काउने कृषकलाई नगद अनुदान कार्यक्रम को स्वीकृत वार्षिक बजेट र वार्षिक कार्यक्रम कार्य योजना बमोजिम सकेसम्म नगरभित्रका सबै वडाका पशुपालक कृषकहरू समेटिने गरी लाभग्राही छनौट गरिनेछन् । यस्तो कार्यक्रम पाइलट कार्यक्रमका रूपमा केही वा सबै वडामा सञ्चालन गर्न सकिनेछ ।

